# ढकारी राजपत्र

## ढकारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८ संख्या १२ मिति २०८१ असार १९ गते

## भाग १

## ढकारी गाउँपालिकाको सूचना

यस ढकारी गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०८१ बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

### संवत् २०८१ को ऐन नं. १२

### गाउँ प्रहरी ऐन, २०८१

**प्रस्तावनाः** गाउँपालिका भित्र कानुनको शासन स्थापित गर्दै नागरिकहरुलाई न्याय, सुरक्षा तथा व्यवस्थाको प्रत्याभूति गर्न, बजार क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्न, गाउँपालिका क्षेत्र

भित्रका प्राकृतिक तथा सांस्कृतिक स्रोत र सम्पदाको संरक्षण र सम्वर्द्धन गर्न तथा जुनसुकै बेला आउन सक्ने विपद् र अन्य आकस्मिक घटनाहरुको तत्काल सम्बोधन र समन्वय गरी नागरिकको जीउधनको सुरक्षा गर्दै गाउँपालिका भित्र सु-व्यवस्था कायम गरी गाउँपालिकावासीलाई स्थानीय सरकारको अनुभूति प्रदान गर्नको लागि गाउँ प्रहरी सेवा गठन, सञ्चालन तथा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान धारा २२६ बमोजिम ढकारी गाउँपालिकाको गाउँ सभाको बैठकबाट पारित गरी यो ऐन जारी गरिएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस ऐनको नाम **"गाउँ प्रहरी ऐन, २०८१"** रहेको छ।

(२) यो ऐन गाउँ सभाबाट स्वीकृत भई ढकारी राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) "अध्यक्ष" भन्नाले ढकारी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(ख) "उपाध्यक्ष" भन्नाले ढकारी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

(ग) "गाउँ कार्यपालिका" भन्नाले गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्दछ।

(घ) "गाउँ सभा" भन्नाले ढकारी गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ।

(ङ) "कार्यालय" भन्नाले गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(च) "गाउँ प्रहरी" भन्नाले गाउँपालिकाको गाउँ प्रहरी प्रमुख र अन्य गाउँ प्रहरी समेतलाई जनाउँदछ।

ढकारी गाउँपालिका

(छ) "गाउँ प्रहरी कर्मचारी" भन्नाले गाउँ प्रहरी सहायक र जवान समेतलाई सम्झनु पर्छ।

(ज) "जवान" भन्नाले अधिकृत बाहेकका गाउँ प्रहरी जवान सम्झनु पर्छ।

(झ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियम वा निर्देशिकामा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(ञ) "पदपूर्ति समिति" भन्नाले दफा ९ बमोजिमको पदपूर्ति समिति सम्झनु पर्छ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

ढकारी गाउँपालिका

## परिच्छेद २

## गाउँ प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

३. **गाउँ प्रहरीको व्यवस्थाः** (१) गाउँपालिकामा गाउँ प्रहरी सेवा रहनेछ।

(२) गाउँ प्रहरी सेवामा रहने गाउँ प्रहरी कर्मचारीहरुको तह, श्रेणी र संख्या गाउँ सभाले स्वीकृत गरे बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम गाउँ कार्यपालिकाले गाउँ प्रहरीको दरबन्दी सिर्जना गर्नु अघि सो पद सिर्जना गर्नका कारण, कार्यबोझ, कार्य प्रकृति, आवश्यकता र औचित्यका आधारमा संगठन तथा सर्वेक्षण गरी गर्नुपर्नेछ।

(४) गाउँ प्रहरीको संगठन समावेशी स्वरुपको हुनेछ।

(५) गाउँपालिकाले प्रत्येक पदको कार्य विवरण तयार गर्नेछ र त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य र अधिकार समेत उल्लेख गर्नु पर्नेछ।

४. **गाउँ प्रहरीको सञ्चालन एवं परिचालनः** (१) गाउँ प्रहरी गाउँपालिका प्रति उत्तरदायी हुनेछ।

(२) गाउँ कार्यपालिकाले गाउँ प्रहरीको रेखदेख, निर्देशन र नियन्त्रण गर्नेछ।

(३) गाउँ कार्यपालिकाको आदेश र निर्देशनको पालना गर्नु प्रत्येक गाउँ प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

५. **गाउँ प्रहरी कर्मचारीको काम कर्तव्य र अधिकारः** (१) गाउँपालिकाको काम कर्तव्य कार्यान्वयन गर्न र गाउँपालिकाले तोकेको काम गर्नु गाउँ प्रहरीको कर्तव्य हुनेछ।

(२) उपदफा (१) का अतिरिक्त देहायका कामहरु गर्न गाउँ प्रहरीको कर्तव्य हुनेछ।

(क) गाउँपालिकाको सम्पत्ति र सम्पदाको संरक्षण गर्ने,

(ख) गाउँपालिकाबाट आयोजित सभा समारोह, परम्परा, जात्रा, चाडपर्व, आदि व्यवस्थापनमा सहयोग पुर्‍याउने,

(ग) गाउँ बजार, सडक ,पार्किङ्ग स्थल व्यवस्थापनमा सहयोग पुर्‍याउने,

(घ) गाउँ सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने गराउने,

(ङ) न्यायिक समितिले गरेका आदेश तथा निर्णय कार्यान्वयनमा सहयोग पुर्याउने,

(च) गाउँपालिकाको कार्यालय परिसर, सार्वजनिक, ऐलानी, पर्ती जग्गा, सार्वजनिक भवन तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने,

(छ) विपद् व्यवस्थापनमा सहयोग पुर्याउने,

(ज) गाउँपालिकाभित्र नागरिक स्वतन्त्रता तथा मानव अधिकारको संरक्षण तथा

ढकारी गाउँपालिका

सुशासन प्रवर्धनमा सहयोग पुर्याउने,

(झ) सार्वजनिक सुरक्षा व्यवस्था तथा अपराधको रोकथामसंग सम्बन्धित आवश्यक सूचना सकलन, विश्लषेण र मूल्याङ्कन गरी अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्ने र

(ञ) गाउँपालिकाले तोकेबमोजिमका अन्य कार्यहरु गर्ने गराउने।

(३) गाउँ प्रहरीको ड्युटीको खटनपटन तथा अन्य जिम्मेवारीको बाँडफाँड कार्यालय प्रमुखले तोकेबमोजिम गाउँ प्रहरी प्रमुखले गर्नेछ र सोको जानकारी कार्यालयलाई दिनेछ।

(४) कार्यालयले तोकेको जुनसुकै समयमा पनि काम गर्न गाउँ प्रहरीको कर्तव्य हुनेछ।

(५) गाउँ प्रहरी प्रमुखले गाउँ प्रहरीको हाजिरी, बिदा तथा ड्युटी रोष्टरको अभिलेख अद्यावधिक गरी राख्नेछ।

ढकारी गाउँपालिका

(६) दैनिक रुपमा गाउँ प्रहरीबाट भए गरेको कार्य सम्पादनको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ प्रमुख समक्ष पेश गर्नेछ।

## परिच्छेद -३

## गाउँ प्रहरीको नियुक्ति र सेवा शर्त सम्बन्धी व्यवस्था

६. **पदपूर्तिः** (१) गाउँ प्रहरी सहायक निरीक्षक पदमा साठी प्रतिशत खुल्ला प्रतियोगिताद्वारा र बाँकी पदहरुमा बढुवाद्वारा पदपूर्ति गरिनेछ।

(२) गाउँ प्रहरी जवान पदमा सतप्रतिशत खुल्ला प्रतियोगिताबाट पदपूर्ति गरिनेछ।

(३) खुल्ला प्रतियोगिताबाट पदपूर्ति हुने पदहरुमा तोकिएबमोजिम समावेशिताको आधारमा हुनेछ।

(४) गाउँ प्रहरी सेवाका खुला प्रतियोगिता र बढुवाद्वारा पूर्ति हुने पदहरुको निर्धारण पदपूर्ति समितिले गर्नेछ।

(५) गाउँ प्रहरीको नियुक्तिका लागि आवश्यक पर्ने शारीरिक तन्दुरुस्ती, अन्तवार्ताको विधि, परीक्षाको

पाठ्यक्रम तथा परीक्षा प्रणाली सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

७. <u>गाउँ प्रहरीको न्यूनतम् योग्यता तथा अयोग्यताः</u> (१) खुला प्रतियोगिताद्वारा नियुक्त हुने गाउँ प्रहरी सेवाको विभिन्न पदमा उम्मेदवार हुन चाहने न्यूनतम् शैक्षिक योग्यता र अन्य योग्यता संघीय प्रहरी सेवाको समान पदको प्रहरी कर्मचारीको लागि निर्धारण भए सरह हुनेछ।

(२) देहायको व्यक्ति गाउँ प्रहरी सेवामा नियुक्त हुन अयोग्य मानिनेछः

(क) गैर नेपाली नागरिक,

(ख) १८ बर्ष उमेर पुरा नगरेको र ५० बर्ष नाघेको

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरिएको,

(घ) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको,

(ङ) अदालतबाट भ्रष्टाचार तथा नैतिक पतन पतन सम्बन्धी कसूरदार ठहरिएको।

८. **<u>मापदण्ड र कार्यविधि बमोजिम हुनेः</u>** (१) खुला प्रतियोगितात्मक परिक्षाद्धारा समावेशी सिद्धान्तका आधारमा पदपूर्ति गरिने कार्यबिधि, मापदण्ड तोकिएबमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यबिधि तथा मापदण्ड निर्धारण गर्दा देहायको विषय स्पष्ट खुलाउनु पर्नेछ।

(क) महिला तथा आर्थिक र सामाजिक रुपमा पछाडि परेका तोकिएबमोजिमका वर्ग, जाति तथा क्षेत्र मध्येबाट यस ऐन बमोजिमको न्यूनतम् योग्यता पुगेका व्यक्तिहरु बीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिने,

(ख) एक भन्दा बढी समावेशी समूहबाट प्रतिस्पर्धा गर्न पाउने अवस्था रहेछ भने सम्बन्धित

उम्मेदवारले रोजेको कुनै एउटा समूहबाट मात्र प्रतिस्पर्धा गर्न पाउने र

(ग) एक तह वा श्रेणीमा यस दफा बमोजिमको समावेशीको सुविधा लिई सकेपश्चात माथिल्लो माथिल्लो तह वा श्रेणीमा पुनः त्यस्तो सुबिधा नपाउने कुरा।

९. <u>**पदपूर्ति समिति**</u>: (१) गाउँपालिकाको स्थानीय सेवा संचालन अन्तर्गत तोकिएको पदपूर्ति समितिले नै गाउँ प्रहरीहरुको लागि पनि पदपूर्ति समितिको काम गर्नेछ।

(२) गाउँ प्रहरीको नयाँ पदपूर्तिका लागि आवश्यकता अनुसार छनौट प्रक्रियामा जिल्ला प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधिलाई पनि विज्ञको रुपमा आमन्त्रित गरिनेछ।

(३) गाउँ प्रहरी प्रमुख बाहेक अन्य पदको पदपूर्तिको लागि गाउँ प्रहरी प्रमुखले समेत पदपूर्ति समितिको सदस्यको रुपमा काम गर्नेछ।

१०. <u>**पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार**</u>: (१) गाउँ प्रहरी कर्मचारीको पदपूर्तिको सिलसिलामा पदपूर्ति



ढकारी गाउँपालिका

समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) खुला र बढुवाबाट हुने पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने,

(ख) पदपूर्ति कार्यतालिका बनाउने,

(ग) परीक्षाको किसिम तोक्ने,

(घ) लिखित परिक्षाका लागि प्रदेश लोक सेवा आयोगमा माग गरी पठाउने,

(ङ) नियुक्तिका लागि सिफारिश गर्ने, र

(च) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धित अन्य कार्य गर्ने।

ढकारी गाउँपालिका

११. **योग्यताक्रम सूची तयार गर्ने:** (१) उम्मेदवारहरुले दिएको लिखित परीक्षा, शारीरिक तन्दुरुस्ती र अन्तवार्तामा प्राप्त गरेको अंक समेतको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस पेश गर्नेछ।

(२) उपदफा (१) बमोजिमको पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस गर्दा कुल रिक्त पदको बढीमा पन्ध्र प्रतिशतसम्म योग्यताक्रम अनुसार वैकल्पिक उम्मेदवार राखु पर्नेछ।वैकल्पिक उम्मेदवारहरुले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ।

(३) उपदफा (१) वमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ।

(४) नियुक्तिको लागि सिफारिश भएको मितिले पैतीस दिन भित्र गाउँपालिकाले निर्णय गरी प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति-पत्र दिनु पर्नेछ।

१२. **जेष्ठताक्रम कायम गर्ने:** (१) गाउँ प्रहरी सहायक निरीक्षकको जेष्ठताक्रम कायम गर्दा निजहरुले

आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ।

(२) वहालवाला गाउँ प्रहरीको हकमा पदपूर्ति समितिले सिफारिश गरेको योग्यताक्रमलाई नै ज्येष्ठताक्रम मानिनेछ।

१३. **<u>परीक्षणकालमा राखिने</u>:** (१) नयाँ नियुक्त गरिएका गाउँ प्रहरी कर्मचारीलाई छ महीनाको परीक्षणकालमा राखिनेछ। सो अवधिमा गाउँ प्रहरी कर्मचारीले सन्तोषजक काम नगरेमा गाउँ प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले थप छ महिना परीक्षणकालमा राख्न सक्नेछ।

तर, महिला गाउँ प्रहरी कर्मचारीको हकमा परीक्षणकाल र थप गर्न सकिने परीक्षणकालको अवधि तीन तीन महिना मात्र रहनेछ।

(२) उपदफा (१) वमोजिम थप भएको परीक्षणकालमा रहेको कुनै गाउँ प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति गर्ने अधिकारीले अवकाश दिन सक्नेछ।

१४. **नियुक्ति बदर हुने अवस्था**: नियुक्ति गर्ने अधिकारीले देहायको अवस्थामा गाउँ प्रहरी कर्मचारीको नियुक्ति बदर गर्न सक्नेछः

(क) परीक्षणकालमा जिम्मेवारी बहन गर्न असक्षम देखिएमा वा आचरण सन्तोषजनक नभएमा,

(ख) गाउँ प्रहरी आधारभूत तालिममा असफल भई तोकिएबमोजिम मौका दिंदा समेत त्यस्तो तालिममा पर्न असफल भएमा,

(ग) गाउँ प्रहरी कर्मचारीमा यस ऐन वा यस ऐन अन्तर्गतको नियमावली बमोजिमको योग्यता नभएको वा नरहेको प्रमाणित भएमा।

१५. **शपथ ग्रहण**: गाउँ प्रहरीले परिक्षणकाल समाप्त भएपछि तोकिए बमोजिमको कार्यविधि र ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ।

१६. **पदाधिकार कायम रहने**: देहायको अवस्थामा गाउँ प्रहरीको आफ्नो पदाधिकार कायमै रहनेछः



ढकारी गाउँपालिका

(क) आफ्नो पदमा कामकाज गरिरहंदासम्म,

(ख) विदामा बसेको अवधिभर,

(ग) निलम्बनमा रहेको अवधिभर,

(घ) गाउँपालिकाद्वारा तोकिएको काम गरुन्जेलको अवधिभर, र

(ङ) अन्य पदमा कायम मुकायम भई काम गरेको अवधिभर।

१७. **बढुवा समितिः** बढुवाद्वारा पूर्ति गरिने गाउँ प्रहरीको रिक्त पदहरुमा पदपूर्ति समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णयानुसार बढुवा गरिनेछ।

१८. **वढुवाको लागि सम्भाव्य उम्मेदरवार बन्ने अवधिः** (१) गाउँ प्रहरी सहायक स्तरको निम्ति एकतह मुनिको पदमा कम्तिमा पाँच वर्षको स्थायी अवधि पुगेको हुनुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा गाउँ प्रहरी कर्मचारी वढुवाको लागि सम्भाव्य उम्मेदरवार बन्न सक्ने छैन।

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) वढुवा रोक्का गरिएकोमा सो अवधिभर,

(ग) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले दुई वर्षसम्म,

(घ) तलब वृद्धि रोक्का भएकोमा वा तल्लो टायम स्केलमा वा त्यही टायम स्केलको तल्लो स्केलमा घटुवा भएको मितिले एक वर्षसम्म, र

(ङ) हालको पदमा तीन पटकसम्म नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक वर्षसम्म।

१९. **<u>वढुवा गर्दा कार्य क्षमताको मूल्यांकन गर्ने आधारः</u>** (१) गाउँ प्रहरी कर्मचारीलाई वढुवा गर्दा यस ऐन बमोजिम कार्य क्षमताको मूल्यांकन गरी सबैभन्दा वढी अंक प्राप्त गर्ने कर्मचारीलाई पहिले वढुवा गरिनेछ।

तर, समान अंक प्राप्त गर्ने उम्मेदवारहरुको हकमा देहायको क्रमले निर्णय गरिनेछः

(क) एकतह मुनिको पदमा सेवामा प्रवेश गर्दा निर्धारण भएको योग्यताक्रमको आधारमा

(ख) खण्ड (क) बमोजिम निर्णय हुन नसकेमा त्यसभन्दा एकतह मुनिको पदमा गरेको नोकरी अवधिको आधारमा

(ग) खण्ड (ख) वमोजिम निर्णय हुन नसकेमा आधारभूत तालिमबाट कायम गरिएको जेष्ठताक्रमको आधारमा

(२) गाउँ प्रहरी कर्मचारीको कार्यक्षमताको मूल्यांकन गर्दा देहाय बमोजिम बढीमा सय अंक दिइनेछः

(क) नोकरीको जेष्ठता वापत पचास अंक,

(ख) कार्यसम्पादन मूल्यांकन तीस अंक,

(ग) शैक्षिक योग्यता वापत दश अंक,र

(घ) तालिम वापत दश अंक ।

(३) सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्यांकन वापतको अंक गणना गर्दा असार मसान्तसम्मको हिसाबले र अन्य अंकको गणना गर्दा बढुवाको लागि दरखास्त फाराम भर्ने अन्तिम मितिसम्म हासिल गरेको अंक गणना गरिनेछ।

(४) श्रेणीविहीन पदको बढुवा सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

(५) बढुवाद्धारा पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२०. <u>**ज्येष्ठता म्ल्याङ्कनः**</u> गाउँ प्रहरी कर्मचारीलाई ज्येष्ठता बापतको अङ्क दिंदा हाल बहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि दुई दशमलव पाँच अङ्कका दरले बढीमा पचास अङ्क दिइनेछ।

तर,

(क) एक वर्षभन्दा बढी लगभग महिना वा दिनका लागि दामासाहीको हिसाबले अङ्क दिइनेछ।

(ख) गयल कट्टी भएको अवधिको ज्येष्ठता बापतको अङ्क दिइने छैन।

२१. **कार्य सम्पादन मूल्याङ्कन फाराम**: (१) गाउँ प्रहरी कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गर्दा निजको कार्य सम्पादन स्तर, सिर्जनशीलता र लगनशीलता, चुनौती वा विशेष जिम्मेवारी वहन गरेको स्तर, सेवाग्राही एवं सङ्गठनप्रतिको व्यवहार, कार्य इकाइसंगको समन्वय समेतलाई आधारमानी तोकिएबमोजिमको कार्य सम्पादन मूल्याङ्कन फाराम प्रयोग गरिनेछ।

(२) प्रहरी कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन आर्थिक वर्षको हिसाबले वार्षिक रुपमा गर्नु पर्नेछ।

(३) प्रहरी कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनको कुल अङ्कको विभाजन देहायबमोजिम हुनेछः

(क) सुपरीवेक्षकले दिन सक्ने अधिकतम अङ्क -पन्ध्र अङ्क

(ख) पुनरावलोकनकर्ताले दिन सक्ने -दश अङ्क

(ग) पुनरावलोकन समितिले दिन सक्ने -पॉच अङ्क

(४) बढुवाको प्रयोजनको लागि कार्य सम्पादन मूल्याङ्कनको अङ्क गणना गर्दा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो, पछिल्लो त्यति नै वर्षको कार्य सम्पादन मूल्याङ्कनको फारामको औसतबाट हिसाब गरिनेछ।

(५) कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. <u>**शैक्षिक योग्यताः**</u> (१) बढुवाका लागि गाउँ प्रहरी कर्मचारीलाई निजले हासिल गरेको शैक्षिक योग्यताको आधारमा देहाय बमोजिम बढीमा दश अङ्क दिइने छः

(क) हाल बहाल रहेको पदमा नयां नियुक्ति गर्दा आवश्यक पर्ने न्यूनतम् शैक्षिक योग्यता बापत -८ अंक

(ख) न्यूनतम् शैक्षिक योग्यता भन्दा माथिल्लो तहको शैक्षिक योग्यता बापत थप -२ अंक

(ग) बढुवाद्वारा हालको पदमा बहाल रहेको गाउँ प्रहरी कर्मचारीको हकमा खण्ड (क) बमोजिमको शैक्षिक योग्यता नभएमा सो भन्दा एक तह मुनिको शैक्षिक योग्यता बापत -५ अंक

(२) यस ऐन बमोजिम गाउँ प्रहरी कर्मचारीको बढुवाको लागि आवश्यक पर्ने शैक्षिक योग्यता तोकिएबमोजिम हुनेछ।

२३. <u>तालिमः</u> (१) गाउँ प्रहरी सेवाको पदमा रहँदा लिएको कुनै आधारभूत वा सेवाकालिन तालिम बापत देहाय बमोजिम बढीमा दश अङ्क दिइनेछः

(क) "क" श्रेणी (१०) अङ्क

(ख) "ख" श्रेणी (७) अङ्क

(ग) "ग" श्रेणी (५) अङ्क

(२) उपदफा (१) मा जनुसकै कुरा लेखिएको भएतापनि गाउँ प्रहरी कर्मचारीलाई तालिम बापतको अङ्क दिदा पन्ध्र कार्य दिनभन्दा कम अवधिको तालिमका लागि कुनै अङ्क दिइने छैन।

(३) श्रेणी नखुलेको तालिम बापत कुनै गाउँ प्रहरी कर्मचारीको अङ्क गणना गर्दा "ख" श्रेणी बराबरको अङ्क गणना गरिनेछ।

(४) हाल कार्यरत पदमा लिएको तालिम बापतको अङ्क एक तह माथिको पदमा मात्र बढुवाको लागि गणना गरिनेछ।

(५) कुनै गाउँ प्रहरी कर्मचारीले यो ऐन प्रारम्भ हुनुभन्दा अघि हासिल गरेको तालिमको हकमा समेत उपदफा (१) बमोजिमको श्रेणी बापतको अङ्क प्राप्त गरेको मानिनेछ।

(६) यस दफामा अन्यत्र जनुसुकै कुरा लेखिएको भए तापनि आधारभूत तालिम बापत अङ्क

दिंदा जुन तहको पदमा छंदा आधारभूत तालिम लिएको हो सो पदबाट एक तह माथिको पदमा बढुवा हुन बाहेक अन्य पदमा बढुवाको लागि अङ्क दिइने छैन।

(७) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२४. <u>बढुवा उपरको उजुरीः</u> (१) यस ऐन बमोजिम पदपूर्ति समितिको बढुवा सिफारिसमा चित्त नबुझ्ने गाउँ प्रहरी कर्मचारीले बढुवाको सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र गाउँ कार्यपालिका समक्ष उजुरी दिन सक्नेछः

(२) उपदफा (१) बमोजिम परेको उजुरी सम्बन्धमा उजुरी गर्ने म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँ कार्यपालिकाले उजुरीको टुङ्गो लगाई सक्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम पर्न आएको उजुरी झुट्टा ठहरिएमा उजुरी सुन्ने गाउँ कार्यपालिकाले सोको अभिलेख राखी सम्बन्धित बढुवा समितिलाई जानकारी गराउनेछ।

(४) बढुवाको उजुरी सुन्ने गाउँ कार्यपालिकाले कुनै उम्मेदवारले यस ऐन बमोजिम प्राप्त गर्नुपर्ने अङ्क प्राप्त नगरेको वा प्राप्त नगर्ने अङ्क प्राप्त गरेको आधारमा बढुवा समितिको सिफारिस संशोधन गर्नुपर्ने देखेमा सो समेत गरी नियुक्तिको लागि सिफारिस गर्नुपर्नेछ।

(५) कार्यक्षमताको मूल्यांकनका अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(६) बढुवा उपरको उजुरी सुनुवाई सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-४

## आचरण सम्बन्धी व्यवस्था

२५. **आचरणः** गाउँ प्रहरीले देहाय बमोजिमको आचरण पालन गर्नु पर्नेछः

(क) प्रचलित कानुन तथा गाउँपालिकाको निर्णय, नीति नियमको पालन गर्नु पर्नेछ।

(ख) प्रहरीले पालन गर्नुपर्ने समय तथा आज्ञापालन लगायत अन्य

अनुशासन सम्बन्धी कुरा पालन गर्नु पर्नेछ।

(ग) कामको सिलसिलामा सुपरीवेक्षक वा सम्बन्धित माथिल्लो अधिकृतले दिएको आदेशको पालन गर्नु पर्नेछ।

(घ) गाउँपालिकाका कर्मचारी, सेवाग्राही तथा गाउँवासी प्रति सम्मान र आदर भाव राख्नु पर्नेछ।

(ङ) स्वच्छ चरित्र एवं आचरण युक्त हुनु पर्नेछ।

(च) ड्युटीमा खटिएको समयमा पान, गुट्खा, सूर्तिजन्य पदार्थ वा मद्यपान गर्नु हुँदैन।

(छ) गाउँपालिका वा कार्यालयको अहित हुने कुनै कार्य गर्नु गराउनु हुँदैन।

(ज) राजनीति वा राजनैतिक गतिविधि, धर्ना, जुलुसमा सामेल हुनु हुँदैन।

(झ) नियुक्ति भएको मितिले तीन महिनाभित्र तोकिएको ढाँचामा गाउँपालिका समक्ष सम्पत्ति विवरण दाखिला गर्नु पर्नेछ।

(ञ) कार्यालयको पूर्व स्वीकृति नलिई कुनै किसिमको व्यापार व्यवसाय गर्नु हुदैन।

(ट) कार्यालयको पूर्व स्वीकृति नलिई आफ्नो कर्तव्य पालनाको सिलसिलामा जानकारी हुन आएको कुनै पनि सूचना अधिकार प्राप्त व्यक्ति वा संस्था बाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी गराउनु हुदैन। त्यसै गरी कार्यालयको अनुमति नलिई कुनै सञ्चार माध्यममा आफ्नो वास्तविक वा

काल्पनिक नामबाट वा वेनामी कुनै लेख प्रसारण प्रकाशन गर्न गराउन हुदैन।

(ठ) गाउँपालिकाको नीति विपरीत गाउँपालिकाको प्रतिष्ठामा आंच आउने गरी विचार व्यक्त गर्न वा सम्बाद, लेख रचना प्रकाशन गर्नु हुंदैन।

(ड) कुनै पनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा मत माग्न वा कुनै प्रकारले प्रभाव पार्न हुंदैन।

तर, कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न वाधा पर्ने छैन।

(ढ) कुनै पनि राजनीतिक दल र सो संग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन,

राजनीतिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनीतिक संस्था वा आन्दोलनलाई सहयोग गर्न हुँदैन।

(ण) ठीक समयमा तथा नियमित रुपले कार्यालयमा हाजिर हुनुपर्नेछ र स्वीकृत गराएर मात्र विदामा बस्नु पर्दछ।

(त) गाउँ प्रहरीको माथिल्लो दर्जाको अधिकारीको अधिनमा रहि कार्य सम्पादन गर्नुपर्नेछ।

(थ) कार्यसम्पादनको सिलसिलामा कुनै अनुचित प्रभावमा पर्न वा पार्न हुदैन।

(द) प्रचलित नेपाल कानुनको प्रतिकूल हुने गरी बालविवाह, वहुविवाह, अनमेल विवाहजस्ता विवाह गर्नु गराउनु हुंदैन।

(ध) आफू भन्दा माथिल्लो वा तल्लो तहका कर्मचारी उपर हातपात



ढकारी गाउँपालिका

वा कुनैप्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुदैन।

(न) आफूलाई तोकिएको जिम्मेवारी र कर्तव्य निष्पक्षता एवं निर्भीकता पूर्वक निर्वाह गर्नु पर्दछ।

## परिच्छेद -५

## सजाय र पुनरावेदन

२६. **सजायः** उचित र पर्याप्त कारण भएमा गाउँ प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछः

(क) नसिहत दिने वा प्रतिकूल राय लेख्ने।

(ख) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने।

(ग) तलव वृद्धि वा पदोन्नति रोक्का गर्ने।

(घ) तल्लो तहमा घटुवा गर्ने।

(ङ) लापरवाही गरी गाउँपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने।

(च) भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने।

(छ) भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने।

२७. **नसिहत दिने वा प्रतिकूल राय लेख्नेः** गाउँ प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सकिनेछ। दुई पटकसम्म नसिहत दिंदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ।

२८. **तलब वृद्धि वा पदोन्नति रोक्नेः** गाउँ प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ।

२९. **दर्जा र तलब घटाउनेः** कुनै गाउँ प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र गाउँपालिकालाई हानि नोक्सानी पुर्‍याएकोमा सो समेत निजबाट भराउन सक्नेछ।

(क) सन्तोषजनक काम नगरेमा।

(ख) अनुशासनहीनता गरेमा।

(ग) आचरण सम्वन्धी विनियम उल्लंघन गरेमा।

(घ) नोकरीबाट अलग हुन झुठ्ठा कारण देखाएमा।

(ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा।

(च) मनासिव कारण नभई वा विदा नलिई विदा बसेमा वा गैरहाजिर भएमा।

(छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा।



ढकारी गाउँपालिका

३०. **नोकरीबाट हटाउने वा बर्खास्त गर्ने**: देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै गाउँ प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ।

(क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा र दायित्व पूरा गर्न नसकेमा

(ख) राजनीतिमा भाग लिएमा

(ग) वरावर अनुशासनहीनताको काम गरेमा

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषी प्रमाणित भएमा।

(ङ) ड्यूटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाई मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा

(च) भ्रष्टाचार गरेमा

ढकारी गाउँपालिका

(छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा

(ज) आचरण सम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा

(झ) मनासिव कारण नभई वा विदा नलिई विदा वसेमा वा गैरहाजिर भएमा।

३१. **<u>सजाय दिने अधिकारी</u>**ः देहायको गाउँ प्रहरी कर्मचारीलाई विभागीय सजाय गर्ने अधिकारी देहाय बमोजिम हुनेछः

(क) गाउँ प्रहरी प्रमुखको हकमा प्रमुख प्रशासकीय अधिकृत

(ख) अन्य प्रहरी कर्मचारीको हकमा गाउँ प्रहरी प्रमुख।

३२. **<u>सजाय सम्बन्धी कार्यविधिः</u>** (१) गाउँ प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजाय समेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

(२) उफदफा (१) बमोजिमको सूचना दिँदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनु पर्नेछ। त्यस्तो गाउँ प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले पन्ध्र दिनभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्वन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ।

तर,

(क) भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको गाउँ प्रहरी कर्मचारीको सम्वन्धमा यस ऐन वमोजिमको कार्यविधिको रीत पुर्‍याउनु पर्ने छैन।

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै गाउँ प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नेछ।

ढकारी गाउँपालिका

(ग) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी निर्णय भएमा त्यस्तो गाउँ प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनु पर्ने छैन।

(३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ। जाँचवुझ गर्ने अधिकारीले आवश्यकता अनुसार सम्बन्धित गाउँ प्रहरी कर्मचारी संग बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ।

(४) कुनै गाउँ प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचवुझ गर्नुपरेमा सजाय गर्ने अधिकारीले जाँचवुझ समाप्त नहुन्जेल सो गाउँ प्रहरी कर्मचारीलाई निलम्वन गर्न सक्नेछ। तर यस्तो निलम्वनको अवधि ६ महिनाभन्दा वढी हुनेछैन।

(५) उपदफा (४) वमोजिम निलम्वन अवस्थामा रहेको गाउँ प्रहरी कर्मचारीलाई निजले पाउने तलब भत्ताको एक चौथाई दिइनेछ।

(६) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको गाउँ प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्वित हुनेछ।

तर,

(क) निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाइ तलव पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलव वृद्धि हुने भएमा सो समेत) पाउने छ। यदि कसुरदार ठहरिएमा निलम्वन भएका मितिदेखिको बाँकी तलव भत्ता पाउने छैन।

(ख) कुनै कर्मचारी गाउँपालिकाको कामको सम्वन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्वन भएको नभई अरु नै कारणबाट निलम्वन रहन गएको रहेछ

भने त्यसरी निलम्वन रहेको अवधिको तलव भत्ता पाउने छैन।

३३. **सजायको आदेश दिनेः** जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित गाउँ प्रहरी कर्मचारीलाई निज संग स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टीकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ।

३४. **पुनरावेदन सुन्ने अधिकारीः** पुनरावेदन सुन्ने अधिकारी देहाय बमोजिम हुनेछ।

(क) दफा ३१ को खण्ड (क) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको विभागिय सजाय उपरको गाउँ कार्यपालिका,

(ख) दफा ३१ को खण्ड (ख) बमोजिम गाउँ प्रहरी प्रमुखले

गरेको विभागिय सजाय उपरको
प्रमुख प्रशासकीय अधिकृत

३५. <u>**पुनरावेदनको कार्यविधिः**</u> (१) दफा (३४) बमोजिम दिइएको सजायंको आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने कर्मचारीले आफ्नो नामबाट पुनरावेदन दिनुपर्नेछ।

(२) पुनरावेदन गर्ने व्यक्तिले पुनरावेदनमा आफ्नो सफाइको निमित्त जो भएको प्रमाण राखी शिष्ट भाषामा लेखिएको हुनुपर्नेछ। पुनरावेदनका साथमा जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल पनि राख्नुपर्नेछ।

(३) सजायको सूचना पाएको पैतीस दिनभित्र पुनरावेदन दिनुपर्नेछ।

३६. <u>**गाउँ प्रहरी सेवामा पुनर्वहाली भएपछि पुरा तलब भत्ता पाउनेः**</u> कुनै गाउँ प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा वर्खास्त गर्ने आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई निज सेवामा पुनर्वहाली भएमा सेवाबाट हटाइएको वा वर्खास्त गरिएको मितिदेखि पुनर्वहाली भएको मितिसम्मको पूरा तलव भत्ता र तलब वृद्धि पाउने भए तलब बृद्धिसमेत निजले पाउनेछ।

## परिच्छेद -६

## विदा

३७. **गाउँ प्रहरी कर्मचारीले पाउने विदाः** (१) गाउँ प्रहरी कर्मचारीले देहाय बमोजिमका विदाहरु तोकिए बमोजिम पाउनेछः

(क) भैपरी आउने र पर्व विदा

(ख) घर विदा

(ग) विरामी विदा

(घ) किरिया विदा

(ङ) प्रसुती विदा

(च) सट्टा विदा

(छ) अध्ययन विदा

(ज) असाधारण विदा

(झ) प्रसुति स्याहार विदा

(२) गाउँ प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन।

(३) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ, साथै आवश्यक परेमा विदामा

वसेको गाउँ प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ।

(४) विदा स्वीकृत गर्ने अधिकारी र कार्यविधि सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

३८. **विदा नलिई गैर हाजिर गाउँ प्रहरी कर्मचारीलाई सेवाबाट हटाउन सकिनेः** (१) गाउँ प्रहरी कर्मचारीले यस ऐन वा यो ऐन अन्तर्गत बनेको नियमावली वमोजिम विदा स्वीकृत नगराई गैर हाजिर हुन पाउने छैन।

(२) उपदफा (१) को उल्लंघन गरी गैर हाजिर हुने गाउँ प्रहरी कर्मचारीलाई गाउँपालिकाले सेवाबाट हटाउन सक्नेछ।

तर, निकास नहुदै विदा बसी पछि सो गैर हाजिर भएको अवधिको लागि विदाको निवेदन गरी सो विदा स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मनिने छैन।

## परिच्छेद ७

## अवकाश, उपदान, निवृत्तभरण तथा उपचार खर्च

३९. **अनिवार्य अवकाशः** गाउँ प्रहरी कर्मचारीको अनिवार्य अवकाश सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

४०. **<u>उपदानः</u>** (१) पाँच वर्ष वा सो भन्दा बढी सेवा गरेको तर निवृत्तभरण पाउने अवधि नपुगेको गाउँ प्रहरी कर्मचारीले राजिनामा स्वीकृत गराई सेवाबाट अलग भएमा वा त्यस्तो प्रहरी कर्मचारीलाई भविष्यमा स्थानीय सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा देहाय बमोजिम उपदान पाउनेछः

(क) पाँच वर्ष भन्दा बढी दश वर्षसम्म नोकरी गरेको प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्ष भन्दा बढी पन्ध्र वर्षसम्म नोकरी गरेको प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्ष भन्दा बढी बीस वर्ष भन्दा कम नोकरी गरेको प्रहरी कर्मचारीले आफूले काम गरेको

प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो प्रहरी कर्मचारीलाई यस ऐन बमोजिम उपदान दिइने छैन।

४१. **निवृत्तभरणः** (१) बीस वर्ष वा सो भन्दा बढी समयसम्म गाउँ प्रहरी सेवामा काम गरेको गाउँ प्रहरी कर्मचारीले नोकरीबाट अवकाश पाएको मितिले निवृत्तभरण पाउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नागरिकता वा उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो प्रहरी कर्मचारीलाई निवृत्तभरण दिइने छैन।

(३) उपदफा (१) बमोजिम दिइने निवृत्तभरणको हिसाब देहाय बमोजिम हुनेछः

सहायक स्तरीय र श्रेणीविहीन गाउँ प्रहरी कर्मचारीको हकमाः

$$\frac{\text{नोकरी वर्ष} \times \text{आखिरी तलब}}{४०}$$

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरणको न्यूनतम रकम समान पदको बहालवाला प्रहरी कर्मचारीको तलब स्केलको शुरु अङ्कको आधाभन्दा कम र अधिकतम रकम समान पदको बहालवाला प्रहरी कर्मचारीको तलबको शुरु स्केल भन्दा बढी हुने छैन।

(५) पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको कुनै प्रहरी कर्मचारीको मृत्यु भएमा निजको सेवा अवधिमा निवृत्तभरणको लागि आवश्यक पर्ने सेवा अवधि पु¥याउन चाहिने वर्ष थप गरी निजको परिवारलाई निवृत्तभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट बर्खास्त गरिएको गाउँ प्रहरी कर्मचारीले यस ऐन बमोजिम निवृत्तभरण पाउने छैन।

(७) बहालवाला प्रहरी कर्मचारीको तलबवृद्धि हुदा तलबको शुरु अङ्कमा जति वृद्धि भएको छ

त्यसको दुइ तिहाई रकम समान पदका निवृत्त प्रहरी कर्मचारीको निवृत्तभरण रकममा पनि थप गरिनेछ।

(८) गाउँ प्रहरी सेवाका कर्मचारीहरु तथा तिनका परिवारहरुले पाउने उपचार खर्च, पारिवारिक निवृत्तभरण तथा उपदान, असाधारण पारिवारिक निवृत्तभरण र उपदान, सन्ततिवृत्ति र शैक्षिकवृत्ति, अशक्तवृत्ति प्राप्त गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(९) यस दफा बमोजिम प्रदान गरिने निवृत्तभरण र उपदान लगायतका अन्य सुबिधा योगदानमा आधारित हुनेछ।

## परिच्छेद ८

## विविध

४२. **करारमा नियुक्त गर्न सकिने**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि रिक्त गाउँ प्रहरी पदमा यस ऐन बमोजिम स्थायी पदपूर्ति भै नआएसम्मको लागि गाउँ कार्यपालिकाको निर्णयानुसार करारमा नियुक्ति गरी काममा लगाउन यस ऐनको कुनै पनि कुराले बाधा पुर्‍याएको मानिने छैन।

(२) उपदफा (१) बमोजिम करारमा नियुक्त हुने गाउँ प्रहरी कर्मचारीको पारिश्रमिक, सेवाका शर्त तथा सुविधाहरु करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछन्।

(३) कार्यालयलाई गाउँ प्रहरीको सेवा आवश्यक छ भन्ने लागेमा निजको कार्य सम्पादनको आधारमा आवश्यकता अनुसार करार म्याद नवीकरण गर्न सकिनेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्य सम्पादन स्तर संतोषजनक नरहेको गाउँ प्रहरीको करार म्याद कार्यालयले नवीकरण गर्ने छैन।

४३. <u>**कायम मुकायम मुकरर गर्न सकिने**</u>: (१) गाउँ प्रहरी सेवाका कुनै पदमा साधारणतया कायम मुकायम मुकरर गरिने छैन।

तर, पद रिक्त रहेको अवस्था परी कार्यालयको दैनिक कार्य संचालन गर्न वाधा पर्न गएमा कायम मुकायम मुकरर गर्न सकिनेछ।

(२) यस ऐन वमोजिम कायम मुकायम मुकरर गर्दा एकतह मुनिका कर्मचारीहरु मध्ये वढुवाको लागि

योग्य भएका मध्येबाट सबै भन्दा जेष्ठ गाउँ प्रहरी कर्मचारीलाई मात्र कायम मुकायम मुकरर गरिनेछ।

(३) कुनै गाउँ प्रहरी कर्मचारी जुन पदमा कायम मुकायम मुकरर भएको हो निजले सो पदको दर्ज्यानी चिन्ह सहित सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ।

(४) कुनै एक पदमा एक समयमा एकभन्दा वढी व्यक्ति कायम मुकायम वा कार्यवाहक मुकरर हुन सक्ने छैन।

(५) रिक्त गाउँ प्रहरी पदमा प्रमुख प्रशासकीय अधिकृतले कायम मुकायम मुकरर गर्नेछ।

४४. **पोशाक, चिन्ह आदिः** गाउँ प्रहरीको दर्ज्यानी चिन्ह, ब्याज, पोशाक, किसिम, सोको रंग तथा निजले धारण गर्ने सुरक्षा तथा सञ्चारका साधन कार्यालयले निर्णय गरे बमोजिम हुनेछ।

४५. **संचार सेटः** गाउँ प्रहरीको कार्य सम्पादन प्रभावकारी बनाउन कार्यालयले आवश्यकता अनुसारका संचार सेट लगायतका साधन उपलब्ध गराउनेछ।

४६. **निरीक्षणः** गाउँपालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले गाउँ प्रहरीको ड्युटीको जुनसुकै बखत निरीक्षण गर्न र आवश्यक ठानेको निर्देशन दिन सक्नेछ।

४७. **आवासः** गाउँ प्रहरीलाई ब्यारेक प्रणालीमा बस्ने गरी कार्यालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

४८. **अन्य सुविधाः** (१) गाउँ प्रहरी सहायक तथा जवानले सेवा अबधिभर सहायक स्तरको गाउँ प्रहरी भए अठाह्र महिना बराबरको र श्रेणी विहीन गाउँ प्रहरी भए एक्काइस महिना बराबरको खाइपाइ आएको तलब रकमसम्म उपचार खर्च बापत तोकिए बमोजिम बमोजिम पाउनेछ।

(२) गाउँ प्रहरी कर्मचारीहरुको मासिक तलबबाट दश प्रतिशतका दरले हुन आउने रकम कट्टा गरी सो रकममा गाउँपालिकाले शत प्रतिशत रकम थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गरिदिनेछ।

४९. **पुरस्कार तथा प्रोत्साहनः** गाउँ प्रहरी कर्मचारीले आफ्नो कर्तव्य पालनको सिलसिलामा उल्लेखनीय एवं प्रशंसनीय ढङ्गले कार्य गरेमा निजलाई गाउँपालिकाको निर्णयानुसार प्रोत्साहन वा पुरस्कार स्वरुप रकम,

प्रशंसापत्र वा अन्य सुविधा वा सहुलियत उपलब्ध गराउन सकिनेछ।

५०. <u>तालिमः</u> (१) गाउँपालिकाले गाउँ प्रहरीलाई समय समयमा आवश्यक सुरक्षा सम्बन्धी तथा अन्य तालिमको व्यवस्था गर्न सक्नेछ।

(२) तालीम सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

५१. **<u>बिशिष्टिकृत काममा खटाउन सक्ने</u>**ः गाउँ कार्यपालिकाले गाउँ प्रहरी कर्मचारीलाइ यस ऐनको अधिनमा रहि बिशिष्टिकृत काममा खटाउन सक्नेछ।

५२. **<u>नियम, निर्देशिका, कार्यविधि बनाउन सक्ने</u>**ः यस ऐनको उद्देश्य कार्यान्वयनका लागि गाउँ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, मापदण्ड, कार्यविधि बनाउन सक्नेछ।

५३. **<u>बाधा अड्काउ फुकाउः</u>** (१) यस ऐनमा उल्लिखित व्यवस्था कार्यान्वयनमा कुनै समस्या वा द्विविधा उत्पन्न भएमा गाउँ प्रमुखले बाधा अड्काउ फुकाउने आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको आदेश गाउँ कार्यपालिकाको बैठकबाट एक महिनाभित्र अनुमोदन गराउनु पर्नेछ।

**आज्ञाले**

**लक्ष्मण साह**

**नि. प्रमुख प्रशासकीय अधिकृत**

ढकारी गाउँपालिका